**आकाशवाणी समाचार- नेपाली**

मितिः **25** दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. पूर्व प्रधानमंत्री अटटलज बिहारी बाजपेयीको १०१ औ जन्म जयन्ती आज पालन गरिन्दैछ। प्रधानमंत्री नरेन्द्र मोदी सहित राष्ट्रपति र उपराष्ट्रपतिले उहाँलाई नमन गर्दैश्रदासूमन अर्पित गर्नुभएको छ।

२. बंगलादेशमा हिन्दु र अल्प संख्यकहरू विरूद्ध जारी हिन्साको विरोध्मा दार्जीलिङ सहित डुर्वस , जलपाईगुड़ी कूचबिहारका कैयन ठाउँहरूमा विरोध प्रदर्शनहरू गरिएका छन्।

३. राज्यपाल ड़ा. सी.बी आनन्द बोसले जादवपुर विश्वविध्यालय राज्यको सर्वश्रेष्ठ विश्व विध्यालय हो भन्दै देशकै औबल बनाउने आवहाान गर्नुभएको छ।

४. सांसद खेल महोत्सवको आज मिलन मोड़ सिलगड़ी खेल मैदानमा सम्पन्न गरिने सांसद राजु विश्टले बताएका छन्।

५. नेपालका प्रमुख राजनीतिक दलका नेताहरूले राष्ट्रपति र प्रधानमंत्री सित बैइक गरि आगामी आम चुनावमा सहयोगको आश्वासन दिएका छन्।

६. प्रधानमंत्रीले देशवासीहरूलाई क्रिसमसको बधाई दिनुभएको छ।

**प्रधानमन्त्री मोदी-वाजपेयी**

प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्व प्रधानमन्त्री भारतरत्न अटल बिहारी वाजपेयीको जन्मजयन्तीमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु भएको छ । सामाजिक सञ्जालमा एक पोस्टमा प्रधानमन्त्रीले भन्नुभयो, "श्री वाजपेयीले आफ्नो सम्पूर्ण जीवन सुशासन र राष्ट्र निर्माणमा समर्पित गर्नुभयो। उहाँलाई सधैं एक शक्तिशाली वक्ता र एक महान कविको रूपमा सम्झिनेछ। उहाँको व्यक्तित्व, कार्य र नेतृत्व राष्ट्रको समग्र विकासको लागि दीपस्तम्भ बनिरहनेछ।"

**प्रधानमन्त्री - मालवीय**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत रत्न महामना पण्डित मदन मोहन मालवीयलाई वहांको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै श्री मोदीले भन्नुभयो श्री मालवीयले आफ्नो जीवन मातृभूमिको सेवामा समर्पित गर्नुभयो। दासत्वको बन्धन तोड्न राष्ट्रिय चेतना जगाउन उहाँले महत्वपूर्ण भूमिका खेल्नुभयो। श्री मोदीले शिक्षाको क्षेत्रमा वहांको योगदान अतुलनीय रहेको बताउनु भयो ।

**बांग्लादेश हिंदूप्रति हिन्साको विरोध**

बांग्लादेशमा हिंदू युवक दीपु दासलाई जिंउदै जलाएर जघन्य हत्या गरिएको कड़ा विरोध गर्दै हिजो चेंगड़ाबांधा अंतरराष्ट्रीय सीमामा हजारौंको संख्यामा हिन्दुहरूले जनआक्रोश व्यक्त गरेका छन्। सचेतन हिंदू समाजको आह्वानमा निकालिएको यस विरोध मार्चमा सेभ बंगलादेशी हिन्दु सेभ बंगलादेशी अल्पसंख्य, बंगलादेशमा अल्पसंख्यकहरू माथि हिन्सा बन्द गर जस्ता पोस्टर ब्यानरहरू बोकेका मानिसहरूले बंगलादेशका अन्तरीम प्रधानमंत्री मोहम्मद युनिसको पुतला अनि बंगलादेशको झण्डा पनि जलाएर तीव्र विरोध जनाए।

नयाँ हनुमान मंदिरबाट शुरू गरिएको यो विरोध मार्च एशियन हाईवे हुन्दै इमिग्रेशन जीरो प्वाइंट सम्म पुगेर जनसभामा परिणत भयो, जसमा बंगलादेशका कट्टरपंथी जेहादीहरू विरूद्ध कड़ा सन्देश दिइयो तथा बंगलादेशसित व्यापार बन्द गर्ने आह्वान भार सरकार सित गरेयसै मुद्दामा हिजो बेलुकि चौरंगी इलाकामा पनि एक विरोध मार्च निकालियो। बांग्लादेशमा हिंदुहरूमाथि भइरहेको अत्याचार बन्द गर भन्ने नाराहरूका साथ बंगलादेशका जेहादीहरू अनि युनिस सरकारलाई कड़ा चेतावनी दिइयो। यसै क्रममा हिजो दार्जिलिंगमा पनि हिन्दु संगठनहरूले विश्व हिन्दु परिषदको अनुवाईमा बंगलादेशमा हिन्दु उत्पिड़न तथा दीपु दासको निर्मम हत्याको विरोधमा जुलुस निकालेय़ यो जुलुस दार्जिलिंग रेलवे स्टेशन देखि शुरू भएर चौरस्तामा सम्पन्न भयो। विश्व हिनद् परिषदका उत्तर बंगाल माहसचिव लक्ष्मण अग्रवालले बंगलादेश सितको सबै प्रकारका व्यापारलाई बन्द गर्ने आह्वान प्रधानमंत्री नरेन्द्र मोदीसित गर्नु भयो। उहाँले बंगलादेशमा हिन्दु र इसाइ अल्पसंख्यकहरूमाथि लगातार भइरहेको हिन्सा हत्या लुटपाट आगजनी र बलात्कारका घटनाहरू प्रति गम्भिर चिन्ता व्यक्त गरे।

## राज्यपाल – जादवपुर वि.वि.

पश्चिम बंगालका राज्यपाल र जादवपुर विश्वविद्यालयका कुलाधिपति डा. सी. वी. आनंद बोसले हिज जादवपुर विश्वविद्यालयलाई ‘‘पश्चिम बंगालको सर्वश्रेष्ठ विश्वविद्यालय’’ बताउँदै देशको पनि यो सर्वश्रेष्ठ विश्वविद्यालय बनिने छ।यस विश्वविद्यालयको दीक्षांत समारोहलाई सम्बोधित गर्दै श्री बोसले भन्नु भयो - जादवपुर विश्वविद्यालयका विद्यार्थीहरू अनि शिक्षकहरूलाई अकादमिक उत्कृष्टताका लागि जानिन्छ। कुलपति चिरंजीब भट्टाचार्यको नेतृत्वमा यो विश्वविद्यालय सही दिशामा अघि बढ़ीरहेकोछ।राज्यपालले दुनिया भरीमा कैयन ख्याति प्राप्त वैज्ञानिक जादवपुर विश्वविद्यालयका पूर्व विद्यार्थीहरू रहेको बताउनु भयो। यस अवसरमा राज्यपालले विश्वविद्यालयसित संबंधित विभिन्न हितधारकहरूका लागि ‘एक्सीलेंस अवॉर्ड’ शुरू गर्ने घोषणा पनि गर्नु भयो। यो पुरस्कार उत्कृष्ट शैक्षणिक योगदानका लागि प्रदान गरिनेछ। सर्वश्रेष्ठ स्नातक छात्र (पुरुष र महिला), सर्वश्रेष्ठ स्नातकोत्तर छात्र (पुरुष र महिला), सर्वश्रेष्ठ शिक्षण कर्मचारी, सर्वश्रेष्ठ गैर-शिक्षण कर्मचारी सम्मान प्दान गरिने उहाँले बताउनु भयो। प्रत्येक पुरस्कारमा 25,000 रुपियाँ नकद, प्रशस्ति पत्र र ट्रॉफी प्दान गरिने छ।

यस अवकरमा बोल्दै कुलपति चिरंजीब भट्टाचार्यले भन्नु भयो विश्वविद्यालयले सदैव आप्नो मूल सिद्धांतहरूलाई कायम रखेको छ, जहां शिक्षालाई समावेशी, मानवीय र सामाजिक रूपमा जिम्मेवार मानिएको छ। उहाँले थप भन्नु भयो,-‘‘असमानता, पर्यावरण संकट, गलत सूचना र संघर्षले भरिएको दुनियामा विद्यार्थीहरूको शिक्षा एउटा नैतिक मार्गदर्शक हुनु पर्छ।" दीक्षांत समारोहमा कुल 2 हजार 112 स्नातक, 2 हजार 4 स्नातकोत्तर छात्र छात्राहरूलाई अनि 370 शोधाकर्ताहरूलाई पीएच.डी- को उपाधि प्रदान गरियो।

## प्रधानमन्त्री - क्रिसमस

प्रधानमन्त्री नरेन्द्र मोदीले क्रिसमसको शुभकामना व्यक्त गर्नु भएको छ । सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै श्री मोदीले सबैलाई शान्ति, करुणा र आशाले भरिएको क्रिसमसको शुभकामना व्यक्त गर्नु भयो ।वहाँले प्रभु येशूको सन्देशले समाजमा एकता र भ्रातृत्वलाई प्रवर्द्धन गर्ने आशा व्यक्त गर्नु भयो ।

## कलकत्ता हाई कोर्ट - मुख्य निर्वाचन अधिकारी

कलकत्ता उच्च न्यायालयले हिजो पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीलाई निर्देश दिन्दै भनेको छ कि आयोगले राज्यमा चलिरहेको विशेष गहन पुनरीक्षणको

बेला अमान्य अन्य पिछड़ा वर्ग (ओबीसी) प्रमाणपत्रहरूलाई दस्तावेजको रूपमा स्वीकार गरिएको मुद्दामा गरिएका आपत्तिहरूमाथि विचार गरोस तथा यसका कारण सहित निर्णय लियोस।

न्यायमूर्ति कृष्ण रावले याचिकाकर्ताको तरफबाट दिइएको आवेदनमाथि सुनवाई गर्दै भन्नु भयो मुख्य निर्वाचन अधिकारीले अदालतको आदेश प्राप्त गरेको एक साताको भित्र यस मामिलामा स्पष्ट र तर्कसंगत निर्णय लिएर याचिकाकर्तालाई सूचित गर्नु पर्छ।

याचिकाकर्ताले अदालतलाई बताए कि मई 2024 मा उच्च अदालतको एक खंडपीठले राज्यमा 2010 पछि 77 जातिहरूलाई दिइएको अन्य पिछड़ा वर्गको दर्जालाई रद्द गरि दिएको थियो। र पनि मतदाता सूचि विशेष गहन पुनरीक्षणको गणना फॉर्ममा यस्ता रद्दा गरिएका अन्य पिछड़ा वर्ग प्रमाणपत्रलाई वैध दस्तावेजको रूपमा दर्शाइएको छ, जसले भ्रमको अवस्था उत्पन्न गरेको छ।

याचिकामा यो पनि भनिएको छ कि उच्च अदालतले पहिलैबाट स्पष्ट गरिसकोको च कि जुन वर्गहरूको अन्य पिछड़ा वर्गको दर्जालाई रद्द गरि सकिएको छ, भने ती प्रमाणपत्रहरू कसरी वैध मान्न सकिन्छ। एस्तो स्थितिमा निर्वाचन आयोगले यो स्पष्ट गर्नु पर्छ कि केवल वैध अन्य पिछड़ा वर्ग प्रमाणपत्रलाई नै प्रक्रियामा स्वीकार गर्न सकिन्छ।

याचिकाकर्ता अरिजीत बक्शीको तरफमा अधिवक्ता बिल्वदल भट्टाचार्यले यो याचिका दायर गरेका थिए।

****** ० ******